नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कालीकोट

फोन नं. ०८७ - ४४०११२
फ्याक्स नं. ०८७ - ४४०१६२
Email : dao.kalikot@gmail.com
daokalikot@moha.gov.np

पत्र संख्या : ०८०/८१
चलानी नं. ८००

मिति : २०८०/०६/०८

श्री स्थानीय तहहरु, सबै,
कालीकोट।

विषयः आवश्यक सहयोग तथा समन्वय सम्वन्धमा।

प्रस्तुत विषयमा यस कालीकोट जिल्लामा मिति २०८०/०६/०८ गते देखि राष्ट्रिय परिचयपत्र विवरण दर्ता अभियान सुरु हुने भएकाले तँहा स्थानीय तहहरुको गाँउ, टोल, वडाहरुमा खटिइ गएका राष्ट्रिय परिचयपत्र विवरण संकलन टोलीहरु तथा स्थानीय नागरिकहरुलाई आवश्यक पर्ने कागजात लगायत नागरिकहरुको विवरण संकलन अभियानमा आवश्यक सहयोग, समन्वय तथा सूचना प्रसारण गरिदिन हुन अनुरोध छ।

**राष्ट्रिय परिचयपत्र बनाउन आवश्यक पर्ने कागजपत्र तथा प्रमाणपत्रहरु**

१. नेपाली नागरिकताको सक्कल प्रमाणपत्र।
२. विवाहितको हकमा नागरिकतामा पति/पत्नीको नाम उल्लेख नभएमा विवाह दर्ता प्रमाणपत्रको सक्कल वा छोरा/छोरीको जन्म दर्ता प्रमाण पत्रको सक्कल अनिवार्य ।
४. बसाईसराई गरेको भए (अन्तर वडा समेत) सो को सक्कल प्रमाणपत्र अनिवार्य।
५. एकल महिला वा पुरुषको हकमा मृत्यु दर्ता वा एकल भत्ता कार्डको सक्कल प्रति अनिवार्य।
६. नागरिकता प्रमाणपत्रमा जन्ममिति नखुलेको हकमा सो खुल्ने प्रमाणपत्र (राहदानी, जन्मदर्ता, शैक्षिक योग्यता प्रमाणपत्र, कर्मचारी संचयकोष प्रमाणपत्र, सिटरोल) सो नभएमा गाउँपालिका/नगरपालिकाको सक्कल प्रमाणित।
७. माथि उल्लेखित कागजात तथा प्रमाणपत्रहरुमा केरमेट, दोहोरो कलम चलेको, फोटो स्पष्ट नभएका, नागरिकतामा नयाँ फोटो टाँस गरिएको, च्यातिएको, जारी मिति उल्लेख नभएको, नागरिकतामा उल्लेख विवरणहरु प्रष्ट नबुझिएमा, होलोग्राम नभएका र राष्ट्रिय परिचयपत्रको लागि माग गरिएका अन्य आवश्यक विवरणहरु उल्लेख नभएमा राष्ट्रिय परिचयपत्र विवरण संकलन गर्न बाध्य हुने छैन।
८. नागरिकता सम्बन्धी समस्या भएमा आ-आफ्नो वडा कार्यालयसँग समन्वय गरी जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गर्ने।

(सरोज अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी